# कम्पनी ऐनको नयाँ मस्यौदा परिमार्जनमा समृद्धि फाउण्डेशनका सुझावहरु

नेपालको कम्पनी ऐन २०६३ मा अर्थतन्त्रको नयाँ परिवेश अनुसार आवश्यक सुधारहरु ल्याउनका लागि पछिल्लो समयमा उद्योग मन्त्रालयको पहलमा ऐनको नयाँ मस्यौदा तयार भएको छ । यस पहलले नेपालमा कम्पनी स्थापना तथा संचालनलाई सहज बनाउँदै उद्यमशीलता प्रर्वद्धन गरी समग्र अर्थतन्त्रलाई उकास्न सकारात्मक भूमिका खेल्ने कुरामा हामी आशावादी छौं ।

विश्व बैंकको वार्षिक प्रकाशन "डुइङ्ग बिजनेस" प्रतिवेदनमा नेपालको स्थान दक्षिण एसियाली मुलुकहरुको तुलनामा राम्रो देखिएता पनि विश्वका अन्य देशहरुसँग तुलना गर्दा सुधारका निकै अवसरहरु रहेको प्रष्ट देख्न सकिन्छ । विश्वव्यापीकरणको विस्तार भई विश्वका धेरै मुलुकहरुले खुला बजार अर्थतन्त्रका सिद्धान्तअनुरुप आर्थिक नीतिहरु अबलम्बन गर्दै जाँदा नेपालमा वैदेशिक लगानी तथा प्रविधि भित्रयाउन नेपालले दक्षिण एसियामा मात्र नभई विश्वभर नै प्रतिस्पर्धा गर्नुपर्ने र यसै सँगसँगै आन्तरिक लगानी प्रर्वद्धन गर्नका लागि पनि विभिन्न सुधारहरु गर्नुपर्नेअवस्थामा हाल छलफल भइरहेको कम्पनी ऐनमा उल्लेखित कानूनी प्रावधानहरुले महत्वपूर्ण भूमिका खेल्छ ।

संसारभर धेरैजसो व्यवसाय (स-साना एकल स्वामीत्वका फर्मबाट संचालन हुने बाहेक) दायित्व सिमित गरिएका कानुनी व्यक्ति अर्थात कम्पनीबाट संचालित गरिन्छन् । मुलुकको विकासक्रमसंगै कम्पनी मार्फत संचालन हुने व्यवसायको ढाँचा परिवर्तन हुन्छ र आकार बढ्छ । त्यसकारण कम्पनीको संस्थापन, व्यस्थापन र वहिर्गमनका प्रावधानहरुले व्यवसाय गर्ने वातावरणको सहजतामा ज्यादै महत्वपूर्ण भूमिका खेल्ने गरेको छ । विश्व बैंक समूहद्वारा वर्षेनी तयार गरिने व्यवसाय गर्ने सहजता प्रतिवेदन (Ease of Doing Business Report) को सूचीमा नेपाल पछिल्लो अर्धभागमा पर्ने गरेको छ । यसले नेपालमा कुनै पनि व्यापार व्यवसाय गर्न त्यति सहज छैन भन्ने पुष्टि गर्दछ र यसले नेपालमा लगानी गर्न खोज्नेलाई हतोत्साहित गर्ने गरेको छ । कम्पनी ऐनको सुधार मार्फत व्यवसाय गर्ने वातावरणमा पनि राम्रो सुधार गर्न सकिन्छ र हाम्रो कम्पनी कानुनको सुधार पनि कम्पनी खोल्न, त्यो कम्पनी संचालन गर्न र आवश्यक परेमा कम्पनी बन्द गर्न सहज बनाउने नै उद्देश्यका साथ गरिनु पर्दछ ।

तथापि, नेपाललाई समृद्धितर्फ लम्कन सहयोग पुर्‍याउनका लागि सन् २००७ देखि प्रयासरत आर्थिक नीति अध्ययन प्रतिष्ठानका हैसियतले समृद्धि फाउण्डेशनले कम्पनी कानूनमा दक्षता भएका विज्ञहरुसँगको सहकार्यमा प्रस्तावित मस्यौदामा आवश्यक परिमार्जनका बुँदाहरु तयार पारेको छ । यी प्रस्तावित सुझावहरु निम्नानुसार रहेका छन् :

**१. संसारभरी कम्पनी संस्थापनमा विगत केहि वर्षमा धेरै सुधार भएका छन् । सिंगापुर, बेलायत जस्ता मुलुकले १ दिन भित्र नै कम्पनी संस्थापन गर्न सकिने गरी नियम बनाएका छन् । नेपालको कम्पनी ऐनमा पनि कम्पनी संस्थापनमा सुधारको आवश्यकता छ जस अन्तर्गत निम्न बुदाहरु पर्दछन् :**

*समृद्धि फाउण्डेशन गैर नाफामूलक स्वतन्त्र सार्वजनिक नीति अध्ययन प्रतिष्ठान हो । स्वतन्त्र र समृद्ध नेपाल निर्माणार्थ सन् २००७ देखि समृद्धि फाउण्डेशनले नेपालमा आर्थिक नीति सुधारका लागि अध्ययन अनुसन्धान तथा अन्य पहलहरु गर्दै आएको छ ।*

क. एकल व्यक्ति कम्पनीको हकमा एक पन्ने फारम भरी आवश्यक सूचना प्रदान गरेमा कम्पनी संस्थापन हुने प्रावधान राख्ने र संस्थापन १ कार्यदिन भित्रनै गरिदिने प्रावधान राख्ने ।

ख. सबै कम्पनीहरुका लागि  छुट्टा छुट्टै प्रबन्ध पत्र र नियमावलीको सट्टा एकल कागजात (single document) का आधारमा दर्ता गर्ने व्यवस्था मिलाउने । प्राईभेट कम्पनीका लागि त्यस्तो डकुमेन्ट बनाउने विकल्प प्रदान गर्ने दिने । कम्पनी रजिष्ट्रारले मोडल डकुमेन्ट तयार गरिदिने र त्यहि मोडल डकुमेन्ट मान्छौं भन्ने घोषणा भएमा त्यस्तो प्रबन्धपत्र र नियमावली नै पनि अनिवार्य रुपमा बनाउनु नपर्ने व्यवस्था कानुनमा राख्ने ।

ग. अनलाइन (Online) दर्ताको व्यवस्था मिलाउने (विशेषगरी एकल व्यक्ति र प्राइभेट (one person / private) लिमिटेड कम्पनीको हकमा) नेपाल सरकारको अनलाइन रजिष्ट्रेशनको व्यवस्था मिलाई सकेको छ र यसलाई कम्पनी ऐनबाट संस्थागत गर्न सकिएमा त्यो निश्चित रुपमा लागु हुनेछ। हाल online भनिए पनि कानुनी कारणबाट अन्त्यमा म्यानुअल कागजात नै बुझाउनु पर्दछ। कम्पनी कानुनबाट त्यस्तो दोहोरो प्रणालीको अन्त्य गर्ने प्रावधान राख्ने ।

घ. दर्ता प्रक्रिया पुरा गर्ने अवधि तोक्ने । कागजात बुझाएको निश्चित अवधि भित्र कम्पनी रजिष्ट्रार कार्यालयले अनिवार्य दर्ता गरिदिनु पर्ने व्यवस्था गर्ने र सो गर्न नसके हर्जाना लाग्ने व्यवस्था भएमा समयमा काम गर्ने बानी बस्न सक्छ।

**२. हाल एक प्रकारको कम्पनीबाट अर्को प्रकारको कम्पनी (प्राईभेट लिमिटेडबाट पब्लिक लिमिटेड वा नाफा बाड्नेबाट नाफा नबाड्ने वा पब्लिक बाट प्राईभेट) हुने प्रक्रिया निकै लामो र झन्झटिलो छ। यसलाई सहज बनाउनु पर्दछ साथै कम्पनीमा निवेस गर्ने अल्पमत सेयरधारकहरुको हित हुने प्रवधानलाई बलियो पारिनु पर्दछ ।**

**३. कम्पनी कानुनमा सुधार गरी भोट नगर्ने शेयर** (Non voting share) **को व्यवस्था गर्ने । यसले व्यवस्थापनमा हिस्सेदारी नखोज्ने निवेसकर्ताहरुलाई आकर्षित गर्न सक्छ । साथै यस्तो व्यवस्थाले राम्रा प्रवर्धकहरुलाई कम्पनीको ईच्छा विपरीत विपक्षीहरुबाट कब्जा** (hostile takeover) **को अवस्था बाट जोगाउन मद्दत मिल्छ । साथै कसैले** takeover **गर्ने हो भने** non-voting share **पनि खरिद गर्नु पर्ने अनिवार्य व्यवस्था मिलाएमा** (Non voting share) **को हित पनि संरक्षण हुन्छ ।**

**४. कम्पनीहरुलाई नेपाल लगायत विदेशका पूाजी बजारबाट पनि पूाजी सकंलन गर्न सक्नेगरी कम्पनी ऐन सुधार गर्नु जरुरी छ । यसो भएमा नेपाली कम्पनीहरु विदेशी सेयर बजारमा सूचीकृत हुन र पूाजी संकलन गर्न सक्नेछन् ।**

**५. हाल सम्बन्धित कम्पनीहरुबीच एक आपसमा कर्जा लिन दिन निकै नै झन्झटिलो छ । विशेषगरी बहुराष्ट्रिय कम्पनीहरुले आफ्नो बजार अवस्थाको आधारमा आफ्नो एक ईकाइबाट अर्को ईकाइमा ऋण प्रवाह गर्ने गरेका छन् र यस कार्यलाई सहज पारिदिने हो भने नेपाली कम्पनीमा विदेशी लगानी र विदेशी कम्पनीमा नेपाली ऋण लगानी पनि बढ्न सक्छ। यस्तो सुधारलाई बाह्य लगानी खुला गर्ने नीतिगत सुधारलाको हिस्सा बनाउन सकिन्छ ।**

**६. हाल सूचना प्रविधिले ठूलो फड्को मारिरहेको छ । तर नेपालको कम्पनी कानुनमा पब्लिक कम्पनीहरुले सूचना समाचार पत्रमा प्रकाशन गर्नुपर्नेबाध्यता राखिएका छन् । यसले लागतमा वृद्धि गरेको छ । अबको युगमा कम्पनीको** website **मा प्रष्टसंग राखिएको, आधिकारिक** facebook page **बाट प्रवाह गरिएको सूचनालाई पनि सार्वजनिक मानिने भन्ने व्यवस्थाका साथै ऐनमा सुधार गरिनु पर्दछ ।**

**७. कम्पनीले कार्यालयमा बुझाउनुपर्ने दस्तावेज विद्युतीय संचार मार्फत बुझाए पनि पुग्ने गरी कम्पनी कानुनमा व्यवस्था गरिनु पर्दछ । यसले प्रत्येक पटक कार्यालय गईराख्नु पर्ने बाध्यता हटाउछ र अनावश्यक**

कागज फाइल राख्नु पर्ने बाध्यतामा पनि कमी ल्याउछ ।

८. कम्पनीको खारेजीको प्रक्रियामा अघि सरेका कम्पनीहरुले कम्पनी खारेजीमा समय र खर्च धेरै लाग्ने समस्या भोगिरहेको अवस्थामा खारेजीको व्यवस्था सहज पार्न जरुरी छ। एकल व्यक्ति र प्राईभेट कम्पनीका संचालकहरुले चाहेमा दायित्व व्यक्तिमा सर्ने गरी सहज रुपमा खारेजी गर्न दिने व्यवस्था गर्न सकिन्छ । अदालद्वतारा लिक्विडेटर नियुक्ति गरी खारेज गर्नु पर्ने अवस्थामा पनि छोटो समय र लागतमा खारेजी हुनसक्ने गरी सुधार हुन जरुरी छ। लिक्विडेटर लाई चााडै काम सम्पन्न गर्दा लाभ हुने अवस्था बनाउन सकिएमा खारेजीको प्रकृया चााडो सम्पन्न हुन मद्दत मिल्छ ।

९. हाल कम्पनीले पूरा गर्नु पर्ने दायित्व (कागजात पेश गर्नु पर्ने, समयमा साधारण सभा सम्पन्न गर्नु पर्ने, कम्पनी साग सम्बन्धित विवरण परिवर्तन गर्नुपरेमा आदि जस्ता कार्यहरुमा कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति लिनु पर्ने) मा सानो भूल भएमा पनि अत्याधिक जरि वाना लाग्ने गरेकोले कतिपय कम्पनीलाई धेरै अप्ठ्यारो परेको छ र कतिपय कारोवार बन्द भएका कम्पनी पनि खारेज हुनसकेका छैनन् । जरिवाना दण्डमा पुनर्विचार गरी त्यसलाई लागु गर्न सकिने किसिमको बनाउनु जरुरी छ ।

१०. कम्पनी सुशासनमा विश्वव्यापी रुपमा धेरै परिवर्तन भईसकेका छन् । नेपालको कम्पनी ऐनले पनि विश्वव्यापी रुपमा भएका सुशासनका सुधारलाई अंगिकार गर्न सक्नुपर्दछ। कम्पनीहरुलाई आफ्नो कारोवार पारदर्शी बनाउन उत्प्रेरित गर्ने किसिमले कम्पनी ऐनमा सुधार गर्नु जरुरी छ । विशेषगरी कम्पनीका अल्पसंख्यक सेयरधारक वा सर्वसाधारण सेयरधारकहरुको हितलाई प्रतिकुल असर पर्न नसक्ने व्यवस्था ऐनले गर्नु पर्दछ ।

११. सर्वप्रथम हालको कम्पनी ऐनका कारण परेका अपठेराहरु यसले कम्पनीको गठन, संचालन र (विसर्जन, खारेजी)मा परेका अप्ठ्याराहरु हटाउन र कम्पनी कानुनलाई अरु विकसित बजारको तुलनामा पुर्‍याउन सक्ने गरेर सुधार हुनु पर्दछ। यस्तो कानुनमा प्रत्येक १०–१५ वर्षमा पुनर्विचार र विश्लेषण गर्नेप्रावधान राख्न सकिन्छ। त्यस्तो प्रावधानले निश्चित अवधिपछि समसामयिक सुधार हुने अवस्था बन्दछ ।

१२. हाल कम्पनीलाई नाफा कमाउने उद्देश्य क्रमसाग जोडिने गरिन्छ। नाफा कमाउने भन्दा पनि कुनै कानुन सम्मत कारोबार गर्ने उद्देश्यले कम्पनी खोली संस्थाहरु कारोबार गर्छन् भनेर प्रस्तावित नीतिले प्रस्ट पार्न नु जरुरी छ। कम्पनी संचालन गर्दैमा नाफामा कमाउने नै उद्देश्य छ भन्न मिल्दैन। यस्तो सुधार हुन सकेमा कम्पनीका रुपमा काम गर्न धेरैलाई प्रोत्साहन गर्न सकिन्छ।

१३. हालको कम्पनी ऐनले नाफा नबााड्ने कम्पनीको गठनलाई स्वीकार गरे पनि कम्पनीले गर्ने मुनाफालाई कम्पनीकै कारोवार बढाउन मात्र प्रयोग गर्न पाउने गरी सिमित गरेको छ । नाफा नबााड्ने भन्नाले आफ्ना लगानीकर्ताहरुलाई नाफा नबााड्ने भन्ने गरी परिभाषित गर्न सकिन्छ। अन्य कम्पनीको सरह मुनाफाको केहि अंश कर्मचारीलाई बोनसका रुपमा दिन, सामाजिक क्षेत्रमा खर्च गर्नमा भने बन्देज लगाईनु हुदैन ।

१४. नेपालमा विदेशी कम्पनीले कार्यालय वा शाखा खोल्न त पााउछ तर कारोबार गर्न भने पााउदैनन्। कम्पनी कानुनमा विदेशी कम्पनीले नेपालमा अर्को नाया कम्पनी दर्ता नगरीसकेको अवस्थामा गर्नुपर्ने कारोबारका लागि पनि प्रष्ट व्यवस्था गरिदिनु पर्दछ। उदाहरणका लागि लगानीपूर्व गरिने अध्ययनका लागि, लगानी प्रयोजनका लागि आवश्यक तयारीका लागि वा नेपालमै कम्पनी दर्ता नगरीकन पनि सिमित किसिमको कारोवार गर्न पाउने गरी ऐनमा सुधार हुन जरुरी छ। यस्तो सुधारले लगानी आकर्षण गर्न मद्दत मिल्ने छ। साथै हवाईसेवाका कम्पनीहरुलाई दिए जस्तै अन्य क्षेत्रका कम्पनीहरु (विदेशी)लाईपनि नेपालमा सिमित कारोबार गर्न दिने ।

**१५. कतिपय अवस्थामा, विशेष गरी विदेशी लगानीकर्ताहरुबाट, उनीहरुको मूल कारोबार भएको मुलुकको निकायबाट विभिन्न किसिमका सिफारिस वा** no objection certificate **माग्ने गरिन्छ । कतिपय अवस्थामा ती देशका निकायहरुले त्यस्तो प्रमाणपत्र दिने नगरेका कारण लगानी भित्र्याउन असहज भएको छ । सकेसम्म त्यस्ता प्रमाणपत्रहरु आवश्यक पर्ने अवस्था नराख्न र विश्वभरी प्रचलित प्रमाणका आधार मान्नेगरी कानुनमा सुधार जरुरी छ । सामाजिक उत्तरदायित्व** (corporate social responsibility) **निकै धेरै प्रचारमा आउने गरेको विषय भएको छ । कम्पनीहरुलाई उत्तरदायी बनाउने र सामाजिक दायित्व पूरा गर्न अभिप्रेरित गर्ने कुरा राम्रो हो तर सामाजिक दायित्वलाई कर सरह व्यवहार गरी यति रकम** (**नाफा वा कारोबारको प्रतिशत**) **खर्च गर्नैपर्छ भन्ने बाध्यकारी व्यवस्थाले अतिरिक्त करको अवस्था सिर्जना गर्दछ । यस्तो प्रावधानलाई बाध्यकारीको सट्टा अभिप्रेरित गर्ने नीतिका रुपमा राखिनु उपयुक्त देखिन्छ ।**

# More from Samriddhi...

01. Towards Enterprise Building in Nepal
02. Towards Enterprise Building in Nepal (Vol. II)
03. उद्यमशीलता विकास: हाते पुस्तिका
04. Economic Growth: a pocketbook series
    - i. आर्थिक स्वतन्त्रता
    - ii. उद्यमशीलता विकासमा बजारको भूमिका
    - iii. बजारका गुणहरु
    - iv. Role of Rule of Law in Enterprise Building
    - v. Role of Government in Enterprise Building (Vol. I)
    - vi. Role of Government in Enterprise Building (Vol. II)
05. Economic Growth and The Private Sector of Nepal
06. दासत्वको बाटो (Nepali Translation of "The Road to Serfdom")
07. Nepal Economic Growth Agenda (NEGA), Report 2012
08. Critical Constrains to Economic Growth of Nepal
09. Investment Prospects and Challenges for Hydropower Development in Nepal
10. Review & Overview of Economic Contribution of Education in Nepal
11. Private Sector Participation in Transport Infrastructure Development in Nepal
12. Review & Overview of Economic Contribution of Tourism Sector in Nepal
13. Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal
14. Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal
15. Foreign Direct Investment: Towards Second Generation of Reforms
16. Industrial Relations An Institutional Analysis
17. Doing Business in Nepal: Ground Realities
18. Analysis of the Performance of the Public Enterprises
19. Policy Options for Improving Industrial Relations in Nepal
20. Policy Options for Improved Electricity Transmission System in Nepal
21. Policy Options for Public Enterprises reform in Nepal: A look at two public enterprises
21. Economic Freedom Matters : Does Economic Freedom Effect *Kirana Pasals* in Nepal
22. Trade study series:  A look at petroleum and fertilizer supply in Nepal
23. Better Education Outcomes Through Education Entrepreneurs : Cost of Registering Private Schools in Nepal
24. Better Education Outcomes Through Education Entrepreneurs: Cost of Complying with Applicable Regulations)
25. Regulatory Reform in Transportation Services: Understanding why Cartels exist and sustain in public transportation services
26. Regulatory Reform in Transportation Services: Revisiting Taxi Licensing in Bagmati Zone
27. Cost of Firing in Nepal
28. Ensuring Protection of Private Property